

# ५ परिवारहरुको निम्ति बुद्धिमानी अर्तीहरु

***यस अध्यायका मूल पदहरू:*** **हितोपदेश ५:३-१४, मत्ती १९:५, १ कोरन्थी ७:३,४, हितोपदेश १२:२२, १४:२६, १७:२२, २३:१३ र ३१:१०-३१।**

***यस अध्यायको मूल सार पद:*** **"तिम्रो सारा हृदयले परमेश्वरमाथि भरोसा राख, र आफ्नै समझशक्ति वा बुझाइमा भर नपर। तिमी हिंड्ने सबै चालमा परमेश्वरको उपस्थिति भएको बुझ, र अनि तिमी कुन बाटोमा हिंड्ने हो उहाँले निर्देशित गर्नुहुनेछ" (हितोपदेश ३:५,६ रूपान्तरित)।**

हामीले यो कदापि भुल्नुहुँदैन कि अहिले हामी जीवनको जुन पक्षमा रहेतापनि हाम्रा बाबु र आमाबाट हामीले जीवन सुरू गरेका हौं। हाम्रो जन्मपछि हाम्रा बाबु र आमासँग हाम्रो सम्बन्धमा तलमाथि भयो होला। फेरि त्यसैबखत कतिपय मानिसहरूले हुर्किरहँदा तिनीहरूका दाजुभाइदिदीबहिनी वा अरू नातेदारहरू बाहेक बाबुआमाको नाकमुख पनि हेर्न वा देख्न पाउँदैनन्।

हाम्रो अवस्था जेभएतापनि वा जीवनको जुनसुकै पक्षमा हामी अहिले भएतापनि परमेश्वरले हामीहरूलाई एक्लै वा बिना अर्तीबुद्धी छोड्नुभएको छैन। हितोपदेशको पुस्तक त्यस्तो पुस्तक हो जसमा हाम्रो निम्ति पाठहरू, निर्देशनहरू, शिक्षादीक्षा, कविता, प्रश्न र अर्तीहरूले भरिएको छ। पारिवारिक सम्बन्धको बारेमा सिधै सम्बोधन गरिएको छ। यहाँ उल्लेखित अर्तीहरू हाम्रो घरगृहस्थीमा प्रयोग गर्न सक्छौं। यथार्थमा भन्ने हो भने हितोपदेश पारिवारिक दस्तावेज वा निर्देशिका हो जसले असल, ईश्वरभक्त र धर्मी जीवन कसरी बिताउने भनेर सिकाउँदछ। यो बाबुआमाबाट छोराछोरीहरूलाई दिइएको अर्तीपुस्तक हो। जसरी घरबाट टाढा कलेजमा उच्च शिक्षा हासिल गर्न, वा अलग भएर आफ्नै घरजम गर्न सुरू गर्दा वा काममा खटिएर आफ्ना छोरा वा छोरी जाँदा बाबुआमाले सरसल्लाह दिएर पत्र लेख्छन् त्यसरी नै हितोपदेशको

पुस्तक पनि बाबुले आफ्नो छोरोलाई पत्र लेख्छन्: "मेरो छोरो, तिम्रो बुबाले सिकाउन चाहेको कुरा सुन, र तिम्रो आमाको व्यवस्था वा नीतिलाई नत्याग" (हितोपदेश १:८ रूपान्तरित)। भावी पुस्तालाई परमेश्वरमाथिको आस्थालाई सिकाऊ भनेर बाबुआमालाई व्यवस्थाको पुस्तकले निर्देशन गर्छ। यहि नीति हितोपदेशको पुस्तकले लिएको पाइन्छ। स्वर्गका परमेश्वर पिताले बाबुको माध्यमबाट हामीहरूले के सिक्नुपर्छ भनेर आह्वान गर्नुभएको सुन्दछौं?

## १. ठिक र असल चरित्रकी स्त्रीलाई प्रेम गर

**आजको विश्वमा विवाहपूर्व यौन सम्पर्क र विवाहित भएतापनि परपुरुष वा परस्त्रीसँग (वा आफ्नो एकमात्र पति वा पत्नी बाहेक) यौनसम्पर्क गर्नु कतिपय समाज, संस्कार वा परम्पराको नाउँमा पनि मान्यता दिइरहेको पाइन्छ। अझ यस्ता व्यक्तिहरूलाई त बहादुर भनेर पनि सम्बोधन गरिएको सायद नपाइएला भन्न सकिँन्न। तर यसरी विवाहपूर्व र परपुरुष र परस्त्रीसँग यौन सम्पर्क गर्दा कस्ता खालका समस्याहरू आउँछन् र त्यसका दुष्परिणामहरू के के हुन सक्छन् भनेर बाइबलले आँखा चिम्लेको पाइन्दैन। पढ्नुहोस् यस मामिलामा छर्लङ्ग गरिएको हितोपदेश ५ अध्याय जसमा एक बुद्धिमानी बाबुले आफ्नो छोरोलाई परस्त्रीसँग लसपस नगर्न अर्ती दिन्छन् (परपुरुषसँग लसपस नगर्न पनि यो नीति लागु हुन्छ) "१ हे मेरो छोरो, मेरो बुद्धिमा ध्यान देऊ, र मेरा अन्तर्दृष्टिका वचनहरू ध्यानसित सुन्नु। २ यदि तिनीहरूलाई पालन गरेमा तिम्रो विवेकलाई स्थिर राख्नेछौ र तिम्रो ओठले ज्ञानको रक्षा गर्नेछ। ३ किनभने** ***व्यभिचारी स्त्रीको ओठबाट मह चुहुन्छ, र त्यसको बोलीचाहिँ तेलभन्दा चिप्लो हुन्छ। ४ तापनि अन्तमा त त्यो स्त्री पित्तझैं तीतो र दुईधारे तरवारझैं लाग्ने हुन्छे। ५ त्यसको खुट्टा मृत्युको बाटोतिर ओह्रालो लाग्छ, त्यसको पाइला सोझैं पातालतिर लागेको हुन्छ। ६ त्यसले जीवनको मार्गतिर ध्यानै दिँदिन, त्यसको चाल कुटिल छ, तापनि यो कुरा त्यसले थाहा गर्दिन (किनभने त्यो उनको स्वभावै हुन गएको छ)।*** **७ अब हे मेरा छोरा हो, मेरा कुरा सुन, र मैले भनेका कुराहरूबाट तर्केर एकातिर नलाग। ८ त्यस्ती स्त्रीदेखि टाढ़ा बस, त्यसको घरको ढोका नजिक नजाओ। ९ नत्रता तिमीहरूले आफ्नो उत्तम बल पराईलाई दिनेछौ, र तिमीहरूको उमेर निर्दयीको हातमा पर्नेछ, १० विदेशीहरूले तिमीहरूको सम्पत्तिमा चैन गर्नेछन्, र तिमीहरूका पसीनाको कमाइचाहिँ अर्कैको घरमा भरिभराउ हुनेछ। ११ जीवनको आखिरी समयमा तिमीहरूले विलाप गर्नेछौ, जब तिमीहरूका मासु र छाला गलिसकेका**

हुनेछन्। १२ तब तिमीहरूले भन्नेछौ, 'हाय मैले अनुशासनलाई कसरी घृणा गरें वा वेवास्था गरें र सुधार र हप्कीलाई मेरो हृदयबाटै लत्याएँ। १३ मैले मेरा गुरुहरूको आज्ञापालन गरिनँ र मेरा प्रशिक्षकहरूको कुरामा ध्यानै दिइनँ। १४ म पूरै सर्वनाशको खाड्लमा आइपुगेको छु, र सारा समुदायको सामु निन्दित भएको छु।' १५ आफ्नै कुण्डको पानी र आफ्नै कूवाबाट बगेको पानी पीऊ (आफ्नै विवाहित पत्नी)। १६ के तिम्रो कूवाको पानी सड़कतिर र तिम्रो खोलाको पानी बजारहरूतिर बग्न दिने? (अर्थात् आफ्नी पत्नीलाई बिचल्ली पारेर अरूको हातमा पार्ने र?) १७ त्यो तिम्रै निम्ति मात्र होस्। पराई त्यसको हिस्सेदार पटक्कै हुन नपाओस् १८ तिम्रो फोहरा आशीर्वादी होस्, र तिम्रो युवावास्थाकी पत्नीसित तिमी आनन्द मनाऊ। १९ मायालु मृगी र राम्री हरिणीझैं, त्यसकै स्तनमा तिमी सन्तुष्ट भएर बस्नु, तिमी सधैं त्यसकै प्रेममा मोहित भइरहोस्। २० हे मेरो छोरो, तिमी किन वेश्याको मोहमा फस्छौ? तिमी किन अर्काकी पत्नीलाई अङ्गालो मार्छौ ? २१ किनभने मानिसको चाल त सधैं परमप्रभुको दृष्टिमा रहिरहन्छ, र उहाँले त्यसका सबै मार्गहरू जाँच्नुहुन्छ। २२ दुष्ट मानिसको खराब कामले त्यसलाई नै पासोमा पार्छ, र आफ्नै पापको बन्धनमा त्यो जेलिन्छ। २३ ताड़ना वा अनुशासनको अभावले त्यो मर्नेछ, आफ्नै असीम मूर्खताले त्यसलाई खाल्डोमा पार्नेछ।"

जो मानिस परमेश्वरमा पूरा भरोसा राखि उहाँकै निष्ठामा हिंड्छ त्यसले विवाह गरेको छैन भने आफ्नो कुमारपना वा अस्मितालाई जोगाइ राख्छ भने विवाह गरेकोले आफ्नो गहिरो प्रेम र यौन सम्पर्कलाई आफ्नै पत्नीको निम्ति सुरक्षित राख्छ। हितोपदेशमा विशेष गरेर यस मामिलामा पुरुषहरूलाई सम्बोधन गरिएको छ भने श्रेष्ठगीतमा स्त्रीहरूलाई आफ्ना गुणहरूलाई आफूभित्रै सुरक्षित राख्न आह्वान गरेको पाइन्छ (पढ्नुहोस् श्रेष्ठगीत ४ "१ मेरी प्यारी, तिमी साह्रै सुन्दरी छयौ! असाध्यै सुन्दरी! घुम्टोभित्र लुकेका तिम्रा आँखा ढुकुरजस्ता छन्, तिम्रा केश गिलाद डाँड़ाको भिरालोबाट झरिरहेका बाख्राको बगालजस्तै छ। २ तिम्रा दाँत भरखरै कत्रेका, नुहाएर आएका भेड़ाहरूका बथानजस्तै छन्। प्रत्येकको जुम्ल्याहा छ, कुनै पनि एकलो छैन। ३ तिम्रा ओठ राता रिबनजस्ता छन्, तिम्रो मुख अति सुन्दर छ। घुम्टोभित्र तिम्रा गालाहरू दुई फ्याक परेको दारिमजस्तै छन्। ४ तिम्रो घाँटी दाऊदको भव्य धरहराजस्तै छ। त्यहाँ एक हजार ढाल झुण्डाइएका छन्, ती सबै योद्धाहरूका ढाल हुन्। ५ तिम्रा दुई स्तन दुई पाठाजस्तै छन्,

लिली फूलका बीचमा चर्ने हरिणका जुम्ल्याहा पाठाजस्तै छन्। ६ झिसमिसे बिहान नआएसम्म र छाया हराउँदै नगएसम्म,
म मूर्रको पर्वतमा र धूपको डाँड़ामा जानेछु। ७ मेरी प्यारी, तिमी साह्रै सुन्दरी छ्यौ, तिमीमा कुनै दाग छैन। ८ हे मेरी दुलही, लेबनानबाट मकहाँ आऊ, लेबनानबाट मकहाँ आऊ। अमानाको चुचुरोबाट ओह्रालो झरेर आऊ, सेनीरको टुप्पा, हेर्मोनको टाकुराबाट आऊ, सिंहहरूका ओड़ार र चितुवाहरूका पहाड़ी अखड़ाबाट। ९ तिमीले मेरो हृदय चोरेकी छ्यौ, मेरी बहिनी, मेरी दुलही तिम्रो एउटै नजरले, तिम्रो हारको एउटा रत्नले तिमीले मेरो हृदय चोरेकी छ्यौ। १० तिम्रो प्रेम कति आनन्ददायी छ, मेरी बहिनी, मेरी दुलही। कुनै दाखमद्यभन्दा पनि तिम्रो प्रेम साह्रै असल,र तिम्रो अत्तरको बास्ना कुनै पनि मसलाको भन्दा अति सुगन्धित छ! ११ तिम्रा ओठले महका चाकाबाट जस्तै मिठास चुहाउँछ, हे मेरी दुलही। दूध र मह तिम्रो जिब्रोमुनि छन्। तिम्रा लुगाको बास्ना लेबनानको जस्तै छ।१२ मेरी बहिनी, मेरी दुलही, तिमी बन्द राखिएको बगैँचाजस्तो, छोपिएको मुहानजस्तो, एउटा छाप लगाएकी फोहराजस्तै छ्यौ। १३ तिम्रा बोटहरू अनारको बगैँचाजस्तै छन्, उत्तम फलहरूले भरिएको बगैँचा, मेहदी र जटामसी, १४ जटामसी र केशर, बोझो र दालचिनी, थरी-थरीका सुगन्धित धूपका रूखहरू, मूर्र र एलवा, र सबै किसिमका असल सुगन्धित मसलाहरू। १५ तिमी त बगैँचाको फोहरा, लेबनानबाट बग्दैआएकी पानीको मूल हौ। १६ हे उत्तरको बतास, जाग्। हे दक्षिणको बतास, आइज! मेरो बगैँचाबाट हुँदै बही, यसको बास्ना टाढ़ासम्म पुगोस्। मेरा प्रेमी आफ्नो बगैँचामा आऊन्, र यसका उत्तम फलहरू चाखून्।"

पापको कारणले एक आर्काप्रति आकर्षित भएर परपुरुष वा परस्त्रीसँग अवैध प्रेम वा यौनसम्पर्क राख्दा त्यसको भयानक नतिजा के हुन्छ भन्ने कुरा सोच्नैपर्छ। कहिलेकाहिँ आकलझुकल यौनसम्पर्क गर्दा त्यसमा एकआपसप्रति बफादारी वा समर्पणता हुँदैन र सत्य प्रेमले ठाउँ पाउँदैन। त्यसमा गहिरो आत्मियता र घनिष्ठता पनि हुँदैन। यसरी अवैध यौनसम्पर्क गर्दा पुरुष होस् वा स्त्री होस् त्यसको जीवन छताछुल्ल हुन्छ र बिचल्ली हुन्छ। भौतिक, शारीरिक र भावानात्मक स्रोतहरू भताभुङ्ग हुन्छ। अझ अति महत्त्वपूर्ण कुरामा त ध्यान दिनु जरुरी छ, जीवनमा स्त्री वा पुरुषले गरेको निर्णयको लेखाजोखा परमेश्वरको अगाडि दिनुपर्छ।

दाम्पत्य जीवनमा यौनसम्पर्कद्वारा एक आपसमा घनिष्ठ हुने अवसर मानिस जातिलाई परमेश्वरले दिनुभएको धेरै बरदान वा उपहारहरूमध्ये अति महान् बरदान वा उपाहर हो। यो केवल वैवाहिक जीवनको अवसर हो। वैवाहिक जीवनभन्दा बाहिर यौन सम्पर्क गर्न बाइबलले अनुमोदन गर्दैनः हेर्नुहोस्, मत्ती १९:३-९ "३ फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, 'के कसैले कुनै कारण पत्नीसँग विवाहविच्छेद गर्न उचित छ? ४ तर उहाँले भन्नुभयो, 'के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, ५ र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' ६ ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।' ७ तिनीहरूले उहाँलाई भने, 'मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए त? ' ८ उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन। ९ म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारको कारणबाहेक आफ्नी पत्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ।", १ कोरन्थी ७:१-५ "१ अब तिमीहरूले लेखेका कुराहरूका विषयमा हेरौंः पुरुषले विवाह नगर्नु असल हो। २ तर व्यभिचारसम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसको आफ्नै पत्नी होस्, र हरेक स्त्रीको पनि आफ्नै पति होस्। ३ पतिले आफ्नी पत्नीलाई तिनको वैवाहिक हक देओस्, र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई। ४ पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ। यसरी नै पतिले पनि आफ्नो शरीरमाथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे। ५ पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर। इन्कार गर्‍यौ भने पनि आपसमा सल्लाह गरेर केही समयको निम्ति मात्र, ताकि तिमीहरू प्रार्थनामा लागिरहन सक। तब फेरि एकसाथ बस, ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरूलाई परीक्षामा नपारोस्।" र हिब्रू १३:४ "सबैका बीचमा विवाहचाहिँ आदरणीय होस्, वैवाहिक सम्बन्ध नबिटुलिओस्, किनकि दुराचारी र व्यभिचारीहरूको इन्साफ परमेश्वरले गर्नुहुन्छ।"

जब विवाहित दम्पती प्रेममा रहेर आआफ्नै प्रेम र यौनसम्पर्कमा संतुष्ट र आनन्द मनाएर बस्छन् तव त्यसलाई स्वच्छ, निर्मल, पोसिलो र प्रसस्त पानीको फोहोरा भनेर हितोपदेशमा चित्रण गरिएको छ। विश्वासघाती र दुराचारीले ल्याउने बेकारको जिन्दगीसँग त्यस्तो चित्रणले मेल खाँदैन। "तिम्रो जवानीकी पत्नी" (हितोपदेश ५:१८ रूपान्तरित) भनेर सम्बोधन गर्दा दुई जना बुढाबुढी भएतापनि जवानीमा विवाह गरेको बेलामा एकआपसमा एकै भएर बस्ने भनेर गरेको बाचालाई निरन्तरता दिइराख्नु हो। उमेरले होइन, श्रीमानलाई आफ्नी श्रीमतीको हाऊभाऊ, प्रेम, मुग्दताले लठ्ठ पार्न सक्छ (हितोपदेश ५:१९ रूपान्तरित)।

पतित मानिसको अवस्थामा, यौनसम्पर्क गर्ने स्वभाविक चाहनाले उसको निम्ति यौनिक जीवन परमेश्वरको योजना बिपरीत भड्किन सक्छ। यदि केवल कामबासनामामात्र लागिरहने स्वभावलाई दवाइ राख्न सकिएन भने त्यसले मानिसलाई निल्न सक्दछ। तर परमेश्वरकै चाहना अनुसार वैवाहिक जीवनमामात्रै यौनसम्पर्क राख्ने प्रतिवद्धताले परपुरुष र परस्त्रीसँग अवैध यौन सम्पर्क राख्ने नियतलाई रोक्न सक्छ। त्यसकारण परमेश्वरकै योजना अनुसार आफ्नै वैवाहिक जीवनमामात्रै यौनसम्बन्ध राख्ने प्रतिवद्धता बुद्धिमानीमात्र होइन त्यसले प्रसस्त आशिष पनि ल्याउँदछ।

**यदि तपाईंको सम्पर्कमा यस्तो मानिस आएको छ जसको वैवाहिक जीवन ध्वस्त हुने खतरामा छ, त्यसलाई तपाईंले के सल्लाह दिनुहुन्छ?**

## २. पिताहरूको निम्ति निर्देशिका

**विवाह गरिन्छ, सन्तान जन्मिन्छ तर बाबु भएपछि उसको काँधमा ठूलो जिम्मेवारी भएको महसुस गर्नैपर्छ। कतिपय बाबुहरूले छोराछोरीहरूको सम्पूर्ण चारित्रिक जिम्मा आमाहरूलाई सुम्पेको हुन्छ। तर हितोपदेशको पुस्तकमा बाबुहरूमा कस्तो गुणहरू हुनुपर्छ र त्यसले आफ्नो सन्तानमाथि लामो समयसम्म कस्तो प्रभाव पार्न सक्छ भनेर उल्लेख गरिएको छ। हेर्नुहोस् केही अंशहरू: हितोपदेश १३:२२ "असल मानिसले आफ्ना नाति-नातिनाहरूका निम्ति पैतृक-सम्पत्ति छोडिराख्छ, तर पापीहरूको धन धर्मीहरूका लागि थुपारिन्छ।", हितोपदेश २३,२४ "२३ तिम्रा भेड़ाहरूको अवस्था राम्रोसँग थाहा पाउनु, आफ्नो बगालप्रति सावधानीपूर्वक ध्यान देऊ, २४ किनभने धन-सम्पत्ति त सधैंभरि रहँदैन, र मुकुट पनि सबै पुस्ताका लागि सुरक्षित रहँदैन।, हितोपदेश १४:६ "जसले परमप्रभुको भय मान्छ, त्यसको सुरक्षित किल्ला हुन्छ, र**

**त्यसका छोराछोरीका निम्ति यो एक शरणस्थान हुनेछ।", हितोपदेश १५:१,१७-१८ "नम्र जवाफले क्रोधलाई शान्त पार्छ, तर कठोर वचनले रीस उठाउँछ।...१७ झगडा वा कचकचले भरिएको ठाउँमा मोटो बाछो खानुभन्दा प्रेम भएको ठाउँमा सागपातसँग भोजन गर्नु उत्तम हो। १८ गरम मिजासको मानिसले कलह मच्चाउँछ, तर धैर्यवान् मानिसले झैंझगड़ा शान्त गराउँछ।", हितोपदेश १६:३२ "मानिस धैर्यवान् हुनु लड़ाका योद्धा हुनुभन्दा उत्तम हो, आफ्नो क्रोध वशमा राख्नु सहरै कब्जा गर्नुभन्दा बेस हो।", हितोपदेश १५:२७ "लोभी मानिसले आफ्नो परिवारमा सङ्कष्ट ल्याउँछ,तर जसले घूसलाई घृणा गर्छ त्यो जिउनेछ।" हितोपदेश २९:१७ "आफ्नो छोरालाई अनुशासनमा राख, र त्यसले तिमीलाई शान्ति दिन्छ। त्यसले तिम्रो प्राणमा अति आनन्द ल्याउनेछ।" (रूपान्तरित)।**

बाबुहरूको चरित्र तथा स्वभावले छोराछोरीहरूमा सिधा प्रभाव पार्दछ र ती चरित्र वा गुणहरू भाविसन्तानको निम्ति सम्पत्तिसरह हुनजान्छ। छोराछोरी जन्माएरमात्र पुग्दैन, तिनीहरूले आफ्ना बाबुहरूबाट हरेकतवरले सहयोगको अपेक्षा गर्दछन्, स्नेह, गहिरो प्रेम, अगुवाइको आशा गर्दछन्। अझ यस पापी संसारमा अनुकरणीय उदाहरण हुने व्यक्तिको कमीले गर्दा छोराछोरीहरूको निम्ति बाबुहरू उदाहरणीय धरोहरको रुपमा हेर्दछन्। आफ्ना छोराछोरीहरूलाई धनसम्पत्ति उपलब्ध गराउने वा साँच्ने र परिवारमा भएका स्रोतहरूलाई बुद्धिमानी र व्यवस्थितढंगले चलाउने खुबी भएका बाबुहरूलाई हितोपदेशको पुस्तकले अति सराहना गर्दछ। धन कमाउने होडबाजीमामात्र लाग्ने लोभी बाबुहरूले परिवारलाई सर्वनाश गर्दछ (हितोपदेश १५:२७ रूपान्तरित)। कामभन्दा परिवारलाई प्राथमिकता दिन बाबुहरू सजग हुनुपर्दछ। परमेश्वरमा भरोसा राख्ने र उहाँसँग हिंड्ने बाबुहरूमा धैर्यता हुन्छ र आफ्ना भावनाहरूलाई नियन्त्रणमा राख्दछन्। छोराछोरीहरूले तिनीहरूमाथि भरपर्दा तिनीहरूले सराहना गर्दछन्। तिनीहरूले आफ्ना छोराछोरीहरूलाई अनुशासनमा राख्दछन् तर बाबु भयो भन्दैमा तिनीहरूमाथि दुर्व्यवहार नगर्न तिनीहरू होसियार हुन्छन्। अझ महत्त्वपूर्ण कुरो त यो छ कि चरित्रवान, नैतिकवान र परमेश्वरको भक्त भएका बाबुहरूले परमेश्वरलाई पछ्याउन चाहन्छन्, उहाँको प्रेमले तिनीहरूलाई बशमा राख्छन् र परमेश्वरका वचनहरू आफ्ना छोराछोरीहरूलाई सिकाउँदछन्। आफ्ना छोराछोरीहरू ठिक बाटोमा हिंडाउन असल बाबुले अगुवाइ गर्दछन्।

छोराछोरीहरूले आफ्ना आमालाई बाबुले माया गरेको हेर्न चाहन्छन्। आमालाई माया गर्दा छोराछोरीहरूले पनि आफूहरूलाई बाबुले माया गरेको अनुभव गर्दछन्। यो अत्यन्त महत्त्वपूर्ण कुरो हो। यदि बाबुले आमाप्रति आफ्नो विश्वास देखाइरह्यो भने र स्नेह देखाइरह्यो भने वा बाबुले आमासँग झगडामात्रै गर्ने, माया नदेखाउने र हिंसात्मक भयो भने उनको व्यवहारले छोराछोरीमा ठूलो हुञ्जेलसम्म पनि असर पार्दछ।

परमेश्वरप्रति बफादारिता, समर्पणता, वैवाहिक जीवन र परिवारप्रति देखाउने जिम्मेवारी र वचनवद्धता, व्यक्तिगतरूपमा इमान्दारिता वा स्वच्छता र सामाजिक जीवनलाई नैतिकता अनुसार चलाउनुपर्ने विषयवस्तु नै हितोपदेशका मूल विषयहरू हुन्। मानिसको व्यक्तिगत हृदयको अवस्थामा नै सबै सफलता भरपर्छ। अवैध कामवासना, अल्छिपना, धनसम्पत्तिलाई नियन्त्रण गर्नुको सट्टा धनसम्पत्तिले नियन्त्रण गर्न दिनु र अधिकार पायो भन्दैमा निष्ठुरर्तापूर्वक दवाउने जस्ता पापका दुष्परिणाम गलत हुन्छ, तर बुद्धिमानी पति वा बाबुले निरन्तरूपमा ठिक बाटोमा हिँड्न परमेश्वरसँग सहायता मागिरहन्छ।

**चाहे बाबु होस् वा नहोस् माथि व्यक्त गरिएका नैतिक सिद्धान्तहरू समसामयिक र महत्त्वपूर्ण छ कि छैन? तपाईंको असल वा खराब क्रियाकलापले अरू वा विशेष गरेर छोराछोरीहरूलाई कसरी असर पारेको छ? के के कुरोमा तपाईं सावधान हुनुपर्छ?**

## ३. मायालुतरिकाले छोराछोरीहरूलाई कजाउनु वा अनुशासनमा राख्नु

**छोराछोरीहरूलाई कजाएर अनुशासनमा राख्नु कति महत्त्वपूर्ण छ भनेर हितोपदेशको देहायका पदहरूले यसरी सिकाउँदछन्ः हितोपदेश १०ः१७ "जसले अनुशासन पालन गर्छ, त्यसले जीवनको बाटो देखाउँछ, तर सुधारको बेवास्ता गर्नेले अरूलाई पनि बहकाउँछ।", २३ः१२-१९ "१२ तिम्रो हृदय अर्तीतिर लगाऊ, र तिम्रा कान ज्ञानका वचनतिर लगाऊ। १३ बालकलाई अनुशासनमा राख्न नरोक्। तिमीले त्यसलाई कजायो भनेपनि त्यो मरिजानेछैन (रूपान्तरित)। १४ त्यसलाई कजाऊ, र त्यसको प्राण मृत्युदेखि बचाऊ (रूपान्तरित)। १५ हे मेरो छोरो, यदि तिम्रो हृदय बुद्धिमान् छ भने, मेरो हृदय खुशी हुनेछ। १६ मेरो अन्तस्करण त्यस बेला रमाउनेछ, जब तिम्रो ओठले उचित कुरा बोल्दछ। १७ तिम्रो हृदयलाई पापीहरूको डाह गर्न नदेऊ, तर परमप्रभुका भयको निम्ति उत्सुक भइरहो। १८ निश्चय नै भविष्यमा तिम्रो निम्ति आशा छ, र तिम्रो आशा व्यर्थ जानेछैन। १९ हे मेरो छोरो, सुन् र बुद्धिमान् हुनु र तिम्रो हृदय**

**ठीक मार्गमा राख्नु।" (रूपान्तरित), २९:१ "घरीघरी हप्की पाएर वा कजाएर पनि कोही हठी नै भइरहन्छ भने, त्यो एक्कासि थाहा नपाउने गरि नाश हुनेछ।" र २९:१५ "सुधारको छड़ीले बुद्धि प्रदान गर्छ, तर छाडा छोड़ेको छोराले आफ्नी आमाको बेइज्जत गर्छ।"**

कतिपय बाबुआमाले बालबालिकाको बानी सुधार्न, भनेको कुरा नमान्दा र आफूहरूलाई लाजमा पारेकोले कुटीकुटी, कान निमोठेर, टाउकोमा हानेर, लातले हानेर, लठ्ठी र सिस्नोले **पिटेर** पशुलाई जस्तो व्यवहार गरेर कजाउन खोज्छन्। तर ती साना बालबालिकाहरूलाई अनुशासनमा राख्नु वा कजाउनुको उद्देश्य के हो भनेर परमेश्वरले हितोपदेशको पुस्तकमा स्पष्ट पार्नुभएको छ। बाबुआमा कडा छन् भनेर देखाउन नभएर बालबालिकाको भविष्यको निम्ति हो जसमा जिउने चाहना वा आशा हुन्छ(हितोपदेश १०:१८)। परमेश्वरलाई विश्वास गर्ने बाबुआमालाई यो थाहा छ कि आफ्ना छोराछोरीहरूमा पापको स्वभाव छ। एलेन जी. ह्वाइटले *एजुकेशन* पृ.२९मा व्यक्त गर्नुभए अनुसार येशू ख्रीष्टको शक्तिलेमात्रै तिनीहरूलाई कजाउन सकिन्छ (**अर्थात्** बाबुआमाको बाहुबल र निष्ठुर प्रक्रियाबाट होइन)। येशूभक्त बाबुआमाहरूले छोराछोरीहरूको अभिभावक हुनु, कजाउनु र अनुशासनमा राख्नुको अर्थ तिनीहरूलाई परमेश्वरतिर डोऱ्याउनु हो भन्ने निर्णय गर्नुपर्छ।

*कोमल लहरा वा बिरुवालाई जस्तै आमाबाबुले छोराछोरीहरूलाई स्याहार्नुपर्दछ।* येशूको अनुशासनमा बस्नु भनेको दण्ड पाउनु वा तर्साउनु र आमाबाबु देख्नेवित्तिक्कै आततायी बनाउनु होइन। "हामी तिमीहरूका बाबुआमा हौं, हामीले भनेका कुराहरू तिमीहरूले मान्नैपर्छ" भनेर हैकम चलाएर छोराछोरीहरूलाई कजाउन नभएर खराबतत्वबाट उद्धार गर्ने खालका हुनुपर्छ। पापको बल थाहा पाएर मायालु बाबुआमाले छोराछोरीहरूलाई प्यार गरेर येशूको कदममा हिंडाउनुपर्दछ। आफू नै अनुशासनमा बसेर हेरचाह गर्ने बाबुआमाले हुर्कँदै गरेका बालबालिकाहरूलाई आत्मसंयम अपनाउँदै नीतिमा दरिलो भएर डोऱ्याउनुपर्दछ (बाबुआमा आफै अनुशसानमा छैनन् जस्तै रक्सी चुरोठ खानेजस्ता कुलतमा आफू लाग्नुहुँदैन भनेर आफूले थाहा पाउँदा पाउँदै पनि त्यसलाई आफूहरूले नियन्त्रण गर्न सक्दैनन् भने के तिनीहरूले आफ्ना छोराछोरीहरूलाई नियन्त्रण गर्ने नैतिक बल तिनीहरूमा हुन्छ र?-अनुवादकको प्रतिक्रिया)। जसरी रोपेको नयाँ बिरुवालाई किसानले स्याहार गर्छ र हुर्काउँछ। त्यसलाई छिमलेर हुन्छ कि, मलजल गरेर हुन्छ कि, छोपेर हुन्छ कि बाहिर नाश गर्ने तत्व जस्तै पशुहरूबाट बचाएर हुन्छ कि मायालु तरिकाले

किसानले बिरुवा उमार्दछ र हुर्काउँछ। त्यसरी नै जब सम्म बालबालिका युवाअवस्थामा पुगेर आफूलाई बशमा राख्न सक्दैनन् र परमेश्वरमा भरोसा राख्न सिक्दैनन् र परमेश्वरको मुक्तिको योजनाको ज्ञानमा नहुर्कुञ्जेल र परिपक्व नहुञ्जेल येशूको मायालाई शिरोपर गरेर आफ्ना छोराछोरीहरूलाई हुर्काउनुपर्दछ।

**देहायका केही पदहरूमा बाबुआमाहरूको निम्ति के सन्देश दिइएको छ? हेर्नुहोस्ः हितोपदेश १३:२४ "छड़ी नचलाउने बाबुले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताड़ना दिन्छ।" (जथाभावी कुट भनेको छैन तर कजाउँदा होशियारी अपनाउनुपर्छ भनिएको छ) र २३:१३,१४ "१३ बालकलाई ताड़ना दिन नरोक्। तिमीले त्यसलाई बेत लगाएर सजाय दियौ भने त्यो मरिजानेछैन। १४ बेत लगाएर त्यसलाई सजाय देऊ, र त्यसको प्राण मृत्युदेखि बचाऊ।" (किन कजाउने? उसको प्राण बचाउने र पापबाट अलग राख्ने नियतले कजाउनुपर्छ तर आमाबाबुको प्रतिष्ठालाई जोगाउन होइन-अनुवादकको टिप्पणी)।**

याद गर्नुहोस् "बेत वा छडी" जसलाई हिब्रू भाषामा शिबट *shebet* भनिन्छ बालबालिकहरूलाई अनुशासनमा राख्नु हो अर्थात् तिनीहरूलाई आत्मनियन्त्रण गर्न सिकाउनु हो। बेत लगाउनु वा छडी लगाउनु भनेको कुटिपिटी सजाय दिनु नभएर जसरी गोठालाले आफ्ना भेंडाहरूलाई छडीले डोऱ्याउँछ त्यसरी नै बालबालिकाहरूलाई डोऱ्याउनु हो जसरी हामीहरूका स्वर्गका गोठालाले आफ्ना बगालको हेरचाह गर्नुहुन्छ (भजन २३:४)। व्यवस्था ११:१८-२१मा उल्लेख गरिएको छ "१८ तिमीहरूले मेरा यी वचनहरू आफ्ना मन र हृदयमा राख। ती आफ्ना हातमा र निधारमा चिन्हहरू स्वरूप बाँध। १९ आफ्नो घरमा बस्दा, बाटोमा हिंड्दा, ढल्कँदा र उठ्दा तिमीहरूले तिनीहरूका विषयमा चर्चा गरेर आफ्ना छोराछोरीहरूलाई सिकाओ। २० आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा ती लेख, २१ ताकि परमप्रभुले तिमीहरूका पूर्वजहरूलाई दिने प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरू र तिमीहरूका सन्तानहरू पृथ्वीमाथि आकाश रहुञ्जेल चिरायु होऊन्।" अर्थात् छोराछोरीहरूलाई कजाउने क्रममा बाबुआमाले धैर्यता अपनाएर सिकाउनुपर्छ, आफै पनि अनुकरणीय उदाहरण बन्नुपर्छ, रहरलाग्दो कुराकानी गर्नुपर्छ र तिनीहरूसँग मायालु सम्बन्ध राख्नुपर्छ। यदि बाबुआमाले प्रयोग गरेका अनुशासनको प्रक्रिया प्रभावकारी हुन्छ र त्यो बालबालिकालाई उद्धार गर्ने खालका वा परमेश्वरको उपस्थितिको अनुभव गर्न दिने खालका छन् भने

बालबालिकाहरूले तिनीहरूलाई आफ्ना बाबुआमाले प्रेम गरेको महुसुस दिलाउनैपर्छ। ("माया गर्ने बाबुले होशियारसाथ छडी चलाउँछ" हितोपदेश १३:२४ रूपान्तरित)।

**जब अनुशासनमा राख्न खोज्दा कतिपय समयमा बाबुआमाहरू कठोर हुन्छन् र बालबालिकाहरूलाई किन सजायँ दिइरहेका छन् भनेर बुझ्न पनि सक्दैनन्। त्यसकारण तिनीहरूलाई सम्झाएर कसरी कजाउने?**

## ४. के घर होस् वा परिवार अर्थात् विवाह गऱ्यो भन्दैमा जीवन असल वा रमाइलो हुन्छ भन्ने छ र?

**वैवाहिक जीवन सधैं शान्तिपूर्ण हुन्छ, श्रीमान श्रीमती सधैं समझदारीमा हिँड्छन् र श्रीमानकी श्रीमती राम्री हँसिली पुतली जस्तै सधैं हाँसिरहन्छिन् भन्ने छैन। परिवारिक जीवनमा कहिलेकाहीँ दिक्कपना, झगडा, कचकच, एक आपसमा रिस उठ्ने जस्ता स्थिति खडा हुन्छ। हितोपदेशको लेखकले घरपरिवारमा हुने तलमाथिको सम्बन्धमा अलिकति ठट्यौलि प्रकारले व्यक्त गर्दछन्। यहाँ उल्लेख गरिएका केही पदहरूमा घरमा उत्पन्न हुने कचकचलाई लिएर ठट्यौलिपारामा व्यक्त गरिएको कतिको सान्दर्भिक छ? हेर्नुहोस्: हितोपदेश २१:९,१९ "९ कचकचे पत्नीसँग (वा पति) एउटै घरमा बस्नुभन्दा त कौसीको एक कुनामा बस्नु बेस।...१९ झगड़ालु र रिसाहा पत्नीसँग (वा पति) बस्नुभन्दा बरु मरुभूमिमा बस्नु बेस।" र २७:१५,१६ "१५ झगड़िया पत्नी (वा पति) वर्षाको दिनमा एकोहोरो तपतप चुहुने झरीजस्तै हो। १६ त्यसलाई वशमा राख्नु बतासलाई वशमा राख्नु बराबर हो, अथवा हातले तेल अँठ्याउनुजस्तै हो।"**

हामीहरू एक आपसमा कसरी नजिक हुनुपर्छ र एक आपसमा गरिने व्यवहार कस्तो हुनुपर्छ भनेर हितोपदेशको पुस्तकमा जतातत्तै लेखिएको पाइन्छ। कतिपय समयमा अलिकति हल्का पाराले र हँसिलो पाराले पनि अर्तीहरू उल्लेख गरिएका छन्। उदाहरणमा, शोकमा परेको मानिसलाई सम्झाउनुको सट्टा उसको अगाडि गीत गाउँदा कस्तो होला भनेर हितोपदेश २५:२०ले यसरी व्यक्त गर्दछ "जाडो दिनमा ओढ्ने खोसेर लगेझैं वा सोडामा सिर्का खन्याएझैं, दुःखित हृदय भएकोलाई गीत गाउने मानिस हो।" र बिहानै उठेर आफ्नो छिमेकीलाई कस्तो छ भनेर चिच्याउनु भनेको के हो भनेर हितोपदेश २७:१४ले यसरी बताउँछ "कसैले आफ्नो छिमेकीलाई एकाबिहानै चर्को स्वरले आशिष् दिन्छ भने, त्यो ता श्राप पो बन्छ।" कचकच गर्ने श्रीमतीहरू भनेर हितोपदेशमा उल्लेख गरिएका श्रीमतीहरूले आफ्ना श्रीमानको

बारेमा पनि त्यही अर्ती दिन सक्छन्। कचकच गर्ने श्रीमती भनेर सम्बोधन गरिँदा कतिपय मानिसहरूले आफ्ना श्रीमतीहरूलाई मात्र औँल्याएको देखिन्छ भने त्यस्तै खालका श्रीमानहरूबाट पनि श्रीमतीहरूले दुःख भोग्नु पर्दा त्यस्तो स्थितिमा कसैको पनि सहमति हुँदैन होला। (इस्राएलका मूल पुजारि केफास र आन्नससँग रहेका श्रीमतीहरूले कस्ता जङ्गी श्रीमानहरू रहेछन् भनेर सहनुपरेको होला!)।

*हँसिलो र मिलनसार हृदय हुनु असल हो।* परिवारमा स्वस्थ ठट्यौली रमाइलो नै हुन्छ किनभने यसले हाम्रो जीवनलाई हल्का बनाउँछ साथै चाप र तनावलाई कम गर्दछ-हितोपदेश १७:२२ "प्रसन्न हृदय असल औषधी हो, तर पेलिएको आत्माले हड्डीहरू सुकाउँछ।" कसैको आनिबानीले हामीलाई रिस उठाउँछ होला वा दिक्क पार्छ होला त्यसको लागि हामीलाई हितोपदेशको पुस्तकमा हँसिलो तरिकाले औषधी छर्कि दिएको पाउँछौं। जब कसैले हामीलाई रिस उठाएको बेलामा वा दिक्क पारेको बेलामा त्यसको आनिबानी देखेर हामी हाँस्छौं तब हामीहरूको जिउ हलुका हुन जान्छ र कुरा गर्न सजिलो हुन्छ। तर अरुको भावनामा चोट पार्ने गरि कसैलाई मजाक गर्दा त्यसले गम्भीर परिणाम ल्याउँछ भन्ने कुराको पनि ख्याल गर्नुपर्छ।

तर झट्ट हेर्दा अलिकति पनि झर्किने बानीले घर परिवारलाई नराम्रोसँग असर पार्न सक्छ। जब कचकच हुन्छ, रिस पोखिन्छ, गुनासो पोखाइरहिन्छ वा आलोचना गरिरहिन्छ भने परिवारका सदस्यहरूको बीचमा केही न केही रिस वा क्रोध छ भन्ने कुरालाई देखाउँछ। हुनसक्छ परिवारहरूको बीचमा पारस्परिक सम्बन्धमा खटपट भएको होला वा कुराकानी गर्ने बेलामा सम्बन्धमा चिसोपना आउन सक्छ। धेरै कचकच वा आलोचना वा गुनासो पोखाइरहने श्रीमान वा श्रीमतीले एक आपसलाई दमन गर्न खोजेको हुन सक्छ र आफ्नो भनाइमा नहिँड्दा बोलिचालीमा पनि बन्द हुनसक्छ। यदि त्यस खालको रोग आपसी समझदारीमा निको भयो भने सबै थोक ठिकठाक हुन्छ। यदि परिवारका सदस्यहरूको जग परमेश्वरप्रतिको प्रेममा आधारित भयो भने र एकआपसप्रति समर्पित हुने प्रतिवद्धता जनाइराखियो भने एक आपसमा भएका भावनाहरूलाई व्यक्त गर्न सकिन्छ र कचकच तथा रिसको जरा केहो सो थाहा पाउन सकिन्छ अनि एक आपसमा भएका असमझदारीहरू हटेर जान्छ।

**घर परिवारमा हँस्यौलि तथा रमाइलो गर्नु किन महत्त्वपूर्ण छ? यसलाई भलाइको निम्ति कसरी प्रयोग गर्न सकिन्छ साथै अरूको भावनामा चोट पर्ने गरेर मजाक गर्दा त्यसले कसरी हानी पुऱ्याउन सक्छ? सोच्नुहोस्।**

## ५. सत्य लक्षणहरूले विभूषित आदर्श पत्नी

आदर्श तथा अनुकरणीय उदाहरणीय पत्नीको चरित्र र स्वभाव र उनमा भएका लक्षण तथा गुणहरूको प्रशंसा हितोपदेशको पुस्तकले अत्यन्तै मुक्त कण्ठले गर्दछ। त्यसको साथै कस्तो स्त्रीदेखि होशियार हुनुपर्छ भनेर पनि सावधानी गरिएको छ। हेर्नुहोस्: हितोपदेश ३१ "१ राजा लमूएलका नीति-वचन, जो तिनकी आमाले सिकाएकी एक ईश्वरवाणीः २ हे मेरो छोरो, हे मेरो गर्भको छोरो, हे मेरो भाकलको छोरो, ३ तिम्रो बल स्त्रीलाई दिएर नसिद्धऊ, तिम्रो ताकत त्यस्तालाई नदेऊ जसले राजाहरूको पतन गराउँछन्।... १० उच्च चरित्र भएकी पत्नी कसले पाउन सक्छ? तिनी मानिकभन्दा पनि अति नै बढ़ी मूल्यकी हुन्छिन्। ११ तिनका पतिले तिनीमाथि पूरा भरोसा गर्छन्, र उनलाई कुनै असल कुराको अभाव हुँदैन। १२ तिनले आफ्नो जीवनकालभरि नै उनको भलो गर्छिन्, कुभलो होइन। १३ तिनले ऊन र सनपाट चुनेर आफ्ना हातहरूले उत्सुकतासाथ काम गर्छिन्। १४ व्यापारी जहाजहरूले जस्तै तिनले टाढ़ाबाट भोजन ल्याउँछिन्। १५ तिनी राती नै उठ्छिन्, आफ्नो परिवारको लागि भोजनको व्यवस्था गर्छिन् र आफ्नी दासी ठिटीहरूलाई आ-आफ्नो भाग दिन्छिन्।

१६ खूबै सोच-विचार गरेर तिनले एउटा खेत किन्छिन्, र आफ्नो कमाइले तिनी दाखबारी लाउँछिन्। १७ तिनले आफ्नो काम फूर्तिसँग गर्छिन्, आफ्नो कामको लागि तिनका पाखुराहरू बलिया छन्। १८ तिनले आफ्नो कारोबार लाभदायक भएको देख्छिन्, र तिनको बत्ती राती निभ्दैन। १९ तिनले आफ्नो हातमा चर्खाको डन्डा लिन्छिन्, र आफ्नै औंलाले पिउरी पक्रन्छिन्। २० तिनले गरीबहरूलाई आफ्नो मुट्ठी खोल्छिन्, र आफ्नो हात दीन-हीनहरूका लागि बढ़ाउँछिन्। २१ हिउँ पर्दा आफ्नो परिवारको निम्ति तिनी डराउँदिनन्, किनभने तिनीहरू सबैले सिन्दूरे रङ्गको वस्त्र पहिरेका हुन्छन्। २२ तिनले आफ्नो खाटको लागि ओढ्ने-ओछ्याउने बनाउँछिन्, तिनी मलमल र बैजनी कपड़ाले पहिरेकी हुन्छिन्। २३ तिनका पति सहरको मूल ढोकामा सम्मानित हुन्छन्, जहाँ उनी मुलुकका पाकाहरूसँग बसेका हुन्छन्। २४ तिनले सूती कपड़ाका वस्त्रहरू बनाउँछिन् र ती बिक्री गर्छिन्, र व्यापारीहरूलाई पटुकाहरू उपलब्ध गर्छिन्। २५ तिनी सामर्थ्य र प्रतिष्ठाले सुशोभित हुन्छिन्, र आउने दिनहरूका बारेमा तिनी हाँस्न सक्छिन्। २६ तिनी बुद्धिसँग बोल्छिन्, र तिनको जिब्रोमा विश्वास योग्य उपदेश हुन्छ। २७ तिनी आफ्नो परिवारका कारोबारको देखरेख गर्छिन्, र आलस्यको रोटी खाँदिनन्। २८ तिनका छोरा-छोरीहरू खड़ा

**भएर तिनलाई धन्य भन्छन्, तिनका पतिले पनि यसो भनेर तिनको प्रशंसा गर्छन्: २९ 'धेरै स्त्रीहरूले उत्तम कुराहरू गर्छन्, तर तिनीहरू सबैलाई तिमीले जितेकी छ्यौ।' ३० सौन्दर्य भ्रमात्मक हुन्छ, र सुन्दरता उड़िजाने हुन्छ, तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ। ३१ तिनले कमाएको इनाम तिनैलाई दिनू, र तिनका कामले सहरको मूल ढोकामा नै तिनलाई प्रशंसा ल्याऊन्।"**

जुन कवितामय तरिकाले हितोपदेश ३१ अध्यायमा स्त्रीको वर्णन गरिएको छ त्यो विशेष छ। हितोपदेश ३१:१०देखि प्रत्येक पद हिब्रू भाषाको २२ वटा अक्षरहरूमा एक अक्षरबाट सुरु गरिएको छ। त्यसको अर्थ आदर्श नारी, पत्नी वा माताको गुण जति गाएपनि सकिन्दैन र राष्ट्रिय भाषाको सबै अक्षरहरूले पनि उनको गुण उचित र प्रसस्तरूपमा गाउन सकिन्दैन।

यहूदी धर्मका गुरुहरूको कहावत अनुसार कस्तो खालको जीवनको साथीलाई चुन्नुपर्छ भनेर हितोपदेशको पुस्तकले जोड गर्दछः "मानिसको घर भन्नुनै उसको श्रीमती हो।" (अर्थात् श्रीमती बिना घर त हुन्छ तर त्यो केवल भवनमात्रै हुन्छ)। "आदर्श चरित्र भएकी स्त्री श्रीमानको निम्ति मुकुट हो भने दुष्चरित्रकी स्त्रीले उसका हाडहरूलाई नै पग्लाइ दिन्छ" (हितोपदेश १२:४ रूपान्तरित)। हितोपदेश पुस्तकको अन्तमा विभिन्न दक्षताहरूसहित विभूषित भएकी असल नारी वा उचित पत्नीमा हुनुपर्ने आदर्शका गुणहरूलाई यसरी चित्रण गरिएको छः लुगाफाटा उत्पादन गर्ने र सिलाउन सक्ने दक्षता भएकी, घरखेत किन्न सक्ने खुबी भएकी, खेतबारी थाम्न सक्ने भएकी, घर र आर्थिक लेनदेनमा व्यवस्थित गर्न सक्ने भएकी। उनले आफ्नो परिवारलाई राम्रोसंग हेरचाह गर्छिन्। उनको परिवारले उनलाई प्रेम र प्रशंसा गर्दछन्।

हितोपदेश ३१मा उल्लेख गरिएका विभिन्न दक्षता वा गुणहरू प्रत्येक नारीमा हुनैपर्छ भनेर अपेक्षा गर्न सकिन्दैन न त कुनै पनि पतिले आफ्नी पत्नीमा ती सबै गुणहरू छन् कि छैनन् भनेर जोख्ने मापदण्ड नै हुन्छ। तर ती सबै गुण वा असल चरित्रहरूलाई यहाँ कोर्दा विश्वव्यापीरूपमा स्त्री वा पुरुषमा हुनुपर्ने आदर्ष गुणहरू, उदाहरणीय गुणहरू, दक्षता र क्षमताहरू जगतव्यापीरूपमा कस्तो महत्त्वपूर्ण मानिन्छ भनेर देखाइएको छः विश्वासिलो र भरपर्दो, करुणामय र दयालु, परिवार र पति वा पत्नीप्रति एकाग्रता, दयालु, लगनशीलता र परिश्रमी स्वभावहरू। तर ती सबै आदर्शका गुणहरू, लक्षणहरू वा स्वभावहरू स्वःत हुन नसक्ने हुँदा त्यस खालका सर्वगुणहरू परमेश्वरको

भय मान्दा वा उहाँप्रति श्रद्धा राख्दा पाइन्छ भनेर हितोपदेश ३१:३१ले खुलासा गर्दछ।

हितोपदेश ३१:१०मा आदर्श वा उच्च चरित्रकि स्त्री भनेर उल्लेख गर्नुको अर्थ उनको शक्ति, बल वा स्वभावैले धनी भनेर बुझाउँछ। भजन ६२:१०मा जस्तै उनलाई धनसम्पत्ति भनेर पनि अनुवाद गरिएको छ। यहोशू १:१४मा वयान गरिएको यहोशूका योद्धाहरू वा बहादुरहरूसँग (यहोशू १:१४) आदर्श नारीको तुलना गरिएको छ। बाइबलमा बोअजले रूथलाई "गुणिलो वा असल चरित्रकी स्त्री" भनेर प्रशंसा गरेको थियो (रूथ ३:११)। हितोपदेश ३१:१०मा "बढी मूल्य वा धन" भन्ने शब्दलाई प्रयोग गरेर भौतिक धनमात्र नभएर सत्य अदृश्य गुणहरूलाई पनि देखाउँदछ, जस्तै चरित्रवान, इमान्दारी र परमेश्वरको भय मान्ने। ती गुणहरू हुनु भनेको कुनै पनि बहुमूल्य पत्थरहरूको मोलभन्दा उच्च भएको देखाउँछ।

**तपाईंको जीवनमा के यस्तो नारीहरूले प्रभाव पारेका छन् जो असल गुणले सम्पन्न भएकी र बहादुर थिइन्? परमेश्वरलाई विश्वास गर्ने वा उहाँको भय मान्ने स्त्रीहरूमा हुनुपर्ने विभिन्न स्वभावहरू, गुणहरू र खुबीहरूलाई के तपाईंले थप्न सक्नुहुन्छ?**

## उपसंहारः

<u>थप जानकारीः</u> ***पुरुष वा नारीले आफ्नो हृदय स्वर्गमा थन्क्याइ राख्नुपर्छ।***
"येशूभक्तहरूले उहाँप्रति कर्तव्यनिष्ठभइ रहिरहन आफ्ना हृदयहरू होसियार र सम्हालि राख्नु जरुरत छ। परमेश्वरको अन्तर्ध्यानमा तल्लीन हुने प्रेम बसाल्नुपर्दछ, साथै उहाँको उपासना गर्ने बानीलाई हृदयमा सजाइराख्नुपर्दछ। परमेश्वरको ध्यानमा, बाइबलमा खोजीनीति गरेर पढ्न र प्रार्थनामा समय बिताउनुपर्दा धेरै मानिसहरूले बोझ भएको महसुस गर्दछन्। कतिपयले भन्ठान्छन् चर्चमा जानु, उपासना गर्नु वा आत्मिक समय बिताउनु समय खेर फाल्नु हो। यी सबै कुराहरूलाई तपाईंहरू परमेश्वरको दृष्टिकोणले हेर्न सक्नुहोस् भन्ने म कस्तो चाहना गर्छु। यदि ध्यान गर्नु, बाइबल पढ्नु र प्रार्थना गर्नुलाई परमेश्वरले कसरी हेर्नुहुन्छ सो तपाईंहरूले थाहा पाउनु भएको भए तपाईंले आफ्नो पहिलो प्राथमिकता परमेश्वरको राज्यको निम्ति दिनुहुन्थ्यो होला। यदि तपाईंले तपाईको हृदयलाई स्वर्गतिर लगाइ राख्नुभयो भने तपाईंले गर्ने सबै कामलाई फूर्तिलो र जोशिलो बनाइ राख्नुहुनेछ साथै तपाईंले निर्वाह गर्ने सबै कर्तव्यमा जाँगर देखाउनुहुनेछ। यदि हामीहरूको दिमागलाई स्वर्गतिर

फर्काएर अनुशासनमा राख्न सक्यौं भने हामीहरूको सबै प्रयासमा भित्रदेखि नै उत्साहित हुनेछौं...किनभने प्रायजसो हामी आफूलाई उच्च आत्मिक स्तरमा बाउन्ने नै छौं...(एफिसी ४:१३)" एलेन जी ह्वाइट कमेन्टस्, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ३, पृ. ११५७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) "आफ्नो हृदयलाई कसरी सुरक्षित राख्ने" भनेर सहयोग गर्ने कतिपय सञ्जालहरू हुन्छन् जसले मानिसहरूलाई नराम्रो बाटोमा नलाग्न सल्लाह दिन्छन्। प्रार्थना, बाइबल अध्ययन र पवित्र आत्मामाथि भरपर्नुको अलावा ती सहयोग गर्ने समूहहरू थप सहयोगी हुनसक्छन्। कतिपय मानिसहरू कुलतमा लागेका होलान्, पापको भयङ्कर पकडदेखि छुट्कारा पाउन मुश्किल भइरहेको होला। तिनीहरूलाई सहयोग गर्न पेशागतरूपमा लाग्नेहरूको सहयोग माग्न के असल कुरा होइन र?

आ) हँसी ठट्टा रमाइलो हुनसक्छ तर त्यसलाई मानिसहरूले कसरी दुरुपयोग गर्न सक्छन् जसले गर्दा फाइदाभन्दा बेफाइदा बढी हुनसक्छ?

इ) आजको सभ्यता, संस्कार, चालचलन, प्रतिस्पर्धाको युगमा हितोपदेश ३१को आदर्श नारीको चरित्रलाई पन्छ्याएर मानिसहरूले कस्ता खालका नारी चरित्रलाई प्राथमिकता दिएको पाइन्छ? धर्म, संस्कृति, आर्थिक असमानता, संस्कारको नाउँमा नारीहरूलाई तल्लो स्तरमा झार्ने प्रवृत्तिबाट हाम्रा नारीहरूलाई कसरी सुरक्षित राख्ने?

ई) तपाईंको संस्कार, परम्परा, धर्म, जात आदिमा परिवारको बारेमा कस्तो धारणा छ जुन बाइबलले देखाएको पारिवारिक जीवनको नीतिसँग मेल खाँदैन? फेरि त्यसैबखत तपाईंको समाजमा परिवारको बारेमा देखाएको मनस्थितिहरू बाइबलसँग कुन मिल्दोजुल्दो छ? यदि छ भने ती मनस्थिति वा धारणाहरूलाई कसरी समर्थन र टेवा दिन सकिन्छ जसले गर्दा हामीहरूको परिवारलाई बल मिल्छ?

## कथा ५
## परमेश्वरको तिर्खा
## मरिया सिसिला फ्रेयिर, ६० उरुग्वे

जब उनको श्रीमानले उनलाई छोडेर गए तब सिसिलिया अत्यन्तै बिचलित भइन्।

वर्ष ३०की सिसिलियाको गर्भासयमा क्यानसर भएको थियो। उनी अत्यन्तै पीडामा थिइन्। आफ्नो पीडा बढेर गएकोले श्रीमान्ले छोडेको होलान् भनेर उनले सोचिन्। उनको श्रीमान्लाई उनले महिनौंसम्म छुन पनि पाएकी थिइनन्। तर उनको आमाले अर्कै सोचेकी थिइन्। आफ्नी छोरीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा समावेश हुने निर्णय गरेकीले आफ्नो ज्वाईंले छोरीलाई छोडेको आरोप उनले लगाएकी थिइन्। धेरै वर्ष अघि सिसिलियाको घर रहेको उरुग्वेको मर्सिदिज गाउँमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सुसमाचार प्रचार गरेको थियो। त्यसैबेला उनले त्यस चर्चमा बप्तिस्मा लिएकी थिइन्। बप्तिस्मा लिएपछि सिसिलिया आफ्नो श्रीमानसँग रमझम गर्न पार्टीहरूमा गइनन् र उनले जाँड रक्सी पनि खान छोडिन्।

"तिमीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान थालेकोले तिमीले तिम्रो श्रीमानलाई गुमायौ" आमाले सिसिलियालाई भनिन्।

भाग्यवस सिसिलियालाई शल्यक्रियाद्वारा उपचार गरियो र उनमा भएको क्यान्सरको भागलाई हटाइयो। तर उनी चर्चमा जान छोडिन्। उनी अरूकै घरमा काम गर्थिन्। तिनवटा छोराछोरीहरूलाई हुर्काउनुपरेकोले उनले काम नगरि हुँदैनथ्यो। काममा शनिवार पनि जानुपर्ने भएकोले उनले साबथ पालन गर्न सकिनन्।

धेरै वर्षपछि उनका छोराछोरीहरू हुर्केर विवाह पनि गरे। तर सिसिलियालाई आफ्नो श्रीमानले छोडेर गएकोले उनको चित्त फाटिरहेको थियो। जब उनकी आमाको मृत्यु भयो तब उनले जोनलाई झनै तितो मान्न थालिन्।

### घर सर्छिन्

अनि उनी उरुग्वेको राजधानी मन्टेभिडियोमा आफ्नी जेठी छोरी, ज्वाईं र तिन जना नातिनातिनाहरूसँग बस्न गइन्। त्यसैबेला उनी परमेश्वरको बारेमा

सोच्न थालिन् र घरको नजिक सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भएको भए हुन्थ्यो भनेर सोच्न थालिन्।

जसरी तसरी स्थानीय एडभेन्टिस्ट चर्चले संचालन गरेको आशाको बाणी रेडियो कार्यक्रम सुन्न थालिन्। "मैले यो कार्यक्रम कसरी सुन्न गएँ मलाई थाहा छैन। यो परमेश्वरकै हात थियो कि मैले यो रेडियो कार्यक्रम सुन्न पुगें" खुशी भएर सिसिलियाले भनिन्।

एक दिन रेडियो सुनिरहेकै बेलामा उनको घरको नजिकैको टोलमा एडभेन्टिस्ट चर्च रहेको थाहा पाइन्। उनी गोज सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जनवरी १, सन् २०१७मा हिँडेर गइन्। त्यो चर्च औपचारिकरूपमा भर्खर खोलिएको थियो। उनले परमेश्वरसँग नयाँ वर्षमा नयाँ जीवनबाट सुरू गर्न चाहेकी थिइन्। उनले तुरन्तै बप्तिस्मा लिन चाहेकी थिइन् तर पास्टरले बाइबल को ज्ञानमा फेरि ताजा हुन सल्लाह दिए। त्यसको पाँच महिनापछि अर्थात् मे १८मा उनले बप्तिस्मा लिइन्।

"त्यस दिनदेखि म धेरै खुशी छु। परमेश्वरले मेरो जीवनलाई परिवर्तन गर्नुभयो। मेरो जीवनबाट तितोपना र पीडा उहाँले हटाउनुभयो" सिसिलियाले आफ्नो खुशी व्यक्त गर्दै भनिन्।

परमेश्वरले उनको जीवनमा तितोपना हटाइरहनुभएको छ भनेर उनलाई थाहा भयो र उनी मुस्कुराउन थालिन् चर्चका सदस्यहरूले पनि उनी खुशी भएको देख्न थालेका थिए "तिमी आजभोलि हँसिलो देखिन्छ्यौ नी!" "हो, म धेरै खुशी छु" उनले जवाफ दिइन्।

## परिवारको निम्ति प्रार्थना

चर्चमा फर्केपछि सिसिलियाले आफ्नी छोरी र ज्वाईंको निम्ति प्रार्थना गर्न थालिन्। तिनीहरूले पनि येशूलाई विश्वास गरुन् भन्ने उनले चाहेकी थिइन्। जब उनी प्रार्थना गर्न थालिन् तब चर्चको एक जना मिसिनेरी विश्वासीले अङ्ग्रेजी राम्रोसँग बोलेको थाहा पाइन्। उनी ब्राजिलका थिए। सिसिलियाको ज्वाईं घर तथा भवनहरूको नक्सा बनाउँथ्यो। उसले अङ्ग्रेजी सिक्न चाहेको थियो ताकि उसले बाहिर देशमा गएर काम गर्न सकोस् तर उसलाई अङ्ग्रेजी थाहा थिएन। त्यस ब्राजिलियन मिसिनेरीको अनुमतिले सिसिलियाले आफ्नो ज्वाईंलाई आफूले चर्च जाँदा अङ्ग्रेजी सिकाउने शिक्षक भेट्टाएको भनेर भनिन्।

"यो तरिकाले मैले ज्वाईंलाई चर्चमा सम्पर्क गर्न लगाएँ। उनले चर्चको पास्टरसँग र अरूसँग मित्रता कायम गरे र चर्चको क्रियाकलापमा उनले पनि भाग लिन थाले" सिसिलियाले भनिन्।

तर उनको छोरोलाई चर्चमा लैजानचाहिँ धेरै गाऱ्हो भयो। जब सिसिलियाले आफ्नी छोरीलाई परमेश्वरको बारेमा कुरा गरिन् तब उनकी छोरी रिसाइन् र भनिन् " के तपाईंले मलाई चर्चमा जान फेरि कर गर्न लाग्नुभयो?"

अन्तमा सिसिलियाले भनिन् "मैले त्यो भनेको होइन। म मरेपछि जब म आँखा खोल्छु तब म तिमीलाई फेरि भेट्न चाहन्छु।" उनको यो वचनले छोरीको मन छोयो। अहिले उनी र उनको श्रीमान्ले बप्तिस्मा लिन बाइबल अध्ययन गरिरहेका छन्।

"मेरो जीवनमा परमेश्वरले अचम्मको काम गर्नुभएको छ" हर्षित हुँदै सिसिलियाले भनिन्। सिसिलिया अहिले वर्ष ६० कि छिन्। उनी गोज सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान्छिन्।

लेखकः ***आन्ड्र्यु मेकचेसनी***